# कोल इलिमेन्टरी स्कूल

## **पारिवारिक संलग्नता नीति**

## २०२३-२०२४ विद्यालय वर्ष

DRAFT

### **अभिभावकहरू कोल इलिमेन्टरीका साझेदारहरू हुन्**

बालबालिकाको शैक्षिक सफलताको लागि अभिभावकको संलग्नता महत्वपूर्ण हुन्छ। अभिभावकहरू आफ्ना छोराछोरीहरूलाई उच्च शैक्षिक स्तरहरू हासिल गर्न मद्दत गर्नमा धेरै प्रभावशाली हुन्छन् । जब स्कूलहरू, परिवारहरू र सामुदायिक समूहहरूले सिकाइलाई समर्थन गर्न मिलेर काम गर्छन्, तब बच्चाहरू सफल हुन्छन्, र स्कूलको पनि सुधार हुन्छन् । तपाईं, आमाबाबुको रूपमा, तपाईंको बच्चाको शिक्षामा साझेदार हुनुहुन्छ र तपाइको बच्चालाई सक्रिय रूपमा संलग्न हुन प्रोत्साहित गर्नुहुनेछ । कोल इलिमेन्टरीमा अभिभावकीय संलग्नता प्रस्ताव गरिएका तरिकाहरू तल सूचीबद्ध गरिएका छन् ।

### **अभिभावकहरु संग कुराकानी (संचार)**

- कोल स्कूलका स्टाफले प्रत्येक विद्यार्थीलाई कोल इलिमेन्टरीमा स्वागत गर्नेछन् । परिवारहरूलाई उनीहरूको विद्यार्थीको शिक्षक र कक्षाकोठाको बारेमा स्कूलको पहिलो दिन अघि सूचित गरिनेछ ।
- अभिभावकहरूलाई उनीहरूको मातृभाषामा सम्पर्क गरिनेछ, उनीहरूका बच्चाहरूको सकारात्मक र नकारात्मक कार्यहरूको बारेमा ।
- अभिभावक, शिक्षक र विद्यार्थीहरूलाई विद्यालय/परिवार कम्प्याक्ट उपलब्ध गराइनेछ ।
- अभिभावकहरूलाई राज्यको शैक्षिक स्तर, प्रगति प्रतिवेदन, रिपोर्ट कार्डहरू, FAST स्कोरहरू, र TN रेडी रिपोर्टहरूको प्रतिलिपिहरू प्राप्त गरेर विद्यालय पाठ्यक्रम र अपेक्षित प्रवीणता स्तरहरू बारे सूचित गराइनेछ ।
- स्कूलको अगाडिको मार्की (Marquee), S'mores Newsletters, एक स्कूल-व्यापी कल-आउट सिस्टम, REMIND एप, स्कूलको वेबसाइट र Facebook जानकारी रिले गर्न अंग्रेजी, स्पेनिश र अन्य भाषाहरूमा प्रयोग गरेर राखिनेछ ।

## अभिभावकहरूसँग भेटघाट

- PTO मा अभिभावकहरूको आवाज सुन्नको लागि र अभिभावकहरूको ठूलो, विविध समूहसँग सहाभागी गर्न गरिएको थियो।
- अभिभावक र विद्यार्थीहरूलाई स्वागत गर्न र कार्यक्रमका आवश्यकताहरू र अभिभावकको अधिकारहरू सहित हाम्रो विद्यालय र टाईटल १ कार्यक्रमको बारेमा जानकारी प्रदान गर्न टाईटल १ वार्षिक बैठक र ओपन हाउस आयोजित गरिन्छ।
- अभिभावकहरूलाई समावेश गर्न उचित र आवश्यक खर्चहरू टाईटल १ कोषबाट भुक्तानी गर्न सकिन्छ।
- अभिभावक वोर्कसपहरू, जस्तै कफी टक/क्याफेसिटोस (Cafecitos), अभिभावक तालिमहरू, र पारिवारिक एकेडेमिक नाइटहरू घरमा आफ्ना बच्चाहरूलाई सहयोग गर्न अभिभावकहरूलाई सुसज्जित गर्न वर्षभरि निर्धारित गरिन्छ। अभिभावकहरुको सुविधाको लागि यी यीभेन्टहरूको समय फरक हुनेछ।
- अभिभावक सम्मेलनहरू  विभिन्न समयमा हुनेछन।  एक पटक फल  सिजन (fall session) मा र फेरि जाडो (वीन्टर) मा हुनेछ,  फेरि पनि यो शिक्षकहरू र अभिभावकहरू बीच निर्धारित गरिन्छ। आवश्यकता अनुसार अनुवादक वा इन्टरप्रेटरहरू उपलब्ध हुनेछन्।

## सक्रिय अभिभावक सहभागिता

- अभिभावक संलग्नता पहलहरू कलआउटहरू, सोशल मिडिया, न्यूजलेटरहरू, फ्लायरहरु, र बाहिरी मार्कीहरू (marquee) मार्फत विज्ञापन गरिनेछ।
- अभिभावकहरूलाई फेस्टिबलहरुमा जस्तै  थ्यांक्सगिभिङ लंच, फिल्ड डे, बुक फेयर, र PTO कार्यक्रमहरू जस्ता गतिविधिहरूमा भोलेंटर गर्न आमन्त्रित गरिन्छ।
- अभिभावकहरू  विद्यालय सम्झौता र विद्यालय सुधार योजना लिखित र कार्यान्वयनमा संलग्न हुनेछन।
- हाम्रा ५ ग्रेडका विद्यार्थीहरू मिडल स्कूल जानेछन् र उनिहरुलाई त्यहाँ  सुरु गर्नका लागि सल्लाहकारहरूसँग भेट्न मिडल स्कूलको भ्रमण गराइनेछ।
- प्रत्येक स्प्रिङ्ग मा, प्रि-के र हेड स्टार्टका विद्यार्थीहरूले किन्डरगार्टनर बन्नु कस्तो हुन्छ भनी हेर्न कोल इलिमेन्टरीको भ्रमण गर्नेछन्।
- हामी वोर्कशप्हरू प्रदान गर्दछौं जसले पारिवारिक संलग्नता, कलेज र क्यारियर, स्वास्थ्य र कल्याण, सामाजिक सेवाहरू र वयस्क विकासमा सुसज्जित हुन मद्दत गर्दछ।